## अल्पसंख्यक जातिहरुको लागि
## समानताको वृद्धिमा विद्यमान तथा योजनावद्ध उपायहरु

### अध्यागमन

अध्यागमन विभागले बिना भेदभाव गुणस्तरीय सेवा प्रदान गर्नेछ र असक्षमता, लिङ्ग, वैवाहिक स्थिति, गर्भावस्था, परिवारको प्रतिष्ठा, जाति, राष्ट्रियता र धर्मलाई द्यान दिए बिना, प्रत्येक सर्वसाधारण सदस्यलाई आदर, ध्यान र मायाका साथ व्यवहार गरिनेछ ।

| | |
|---|---|
| सेवाहरु सम्बन्धित | • सर्वसाधारणहरुले अध्यागमन मुख्यालय, व्यक्तिगत दर्ता कार्यालय, स्मार्ट परिचय पत्र प्रतिस्थापन केन्द्र, जन्म, मृत्यु तथा विवाह दर्ता एवं अध्यागमन नियन्त्रण केन्द्रहरुमा अध्यागमन सेवा प्रयोग गर्न सक्छन् । |
| विद्यमान उपायहरु | • विभागले यसका सेवाहरुको अवधारणामा चिनियाँ र/वा अंग्रेजी भाषाको प्रयोग गर्छौं । |
| | • विभागले सर्वसाधारणका लागि चिनियाँ र/अथवा अंग्रेजीमा सूचना लिफलेट र  आवेदन फारम प्रदान गर्दछ । विभागीय वेबसाइटमा रहेको जानकारी दुवै चिनियाँ र अंग्रेजी भाषामा छ । उपयुक्त र व्यावहारात्मक भएको ठाउँमा, केही जानकारी (उदाहरणको लागि: निर्देशन सूचनाहरु, फारमहरु, व्यक्तिगत अधिकारहरुको सूचनापत्रहरु, आदि ।) लाई सन्दर्भ लिनको लागि अल्पसंख्यक जातीय भाषाहरुमा अनुवादन गरिएको छ । |
| | • उपयुक्त र व्यवहारात्मक भएको ठाउँमा, विभागले दोभाषे सेवाहरुको प्रबन्ध मिलाउनेछ । |

- अध्यागमन नियन्त्रणलाई व्यवहारमा ल्याउँदा, अध्यागमन स्टाफले अल्पसंख्यक जातिहरुसँग प्रभावशाली संचारलाई सुनिश्चित गर्नेछ । यात्रुहरुलाई अवतरण हुने अनुमति अस्वीकार गर्दा प्रदान गरिएका सूचनापत्रहरु विभिन्न भाषाहरुमा उपलब्ध छन् ताकी अवतरण हुने अनुमति नदिईएका अल्पसंख्याक जातिका यात्रुहरुले तिनीहरुसँग सम्बन्धित अध्यागमन नीतिहरु बुझ्न सक्षम होउन् ।

- विभागले यसको स्टाफको लागि समान अवसर र जातीय भेदभाव अध्यादेशसँग सम्बन्धित मामिलाहरुको सम्बन्धमा प्रशिक्षणको प्रबन्ध मिलाउँछ ।

- विभागले संवाद, भ्रमण तथा तालिम कार्यक्रम आदि जस्ता विभिन्न माध्यमबाट अल्पसंख्यक जातिका बालबालिका र युवाहरुलाई सहभागि गराउँछ ।

भावी कार्यको मुल्यांकन

- सर्वसाधारण र स्टाफको प्रतिपुष्टि र सुझावहरुलाई ध्यानमा राखेर हामी हाम्रा सेवाहरुलाई समय-समयमा मूल्यांकन गर्नेछौं ताकी आवश्यक परेको बेलामा र उपयुक्त समयमा हाम्रा सेवाहरुलाई अझ वृद्धि गर्न सकियोस् ।

यदि तपाईंसँग कुनै पनि प्रतिपुष्टि वा सुझावहरु छन् भने कृपया व्यवस्थापन लेखा-परीक्षण शाखामा 28294141 वा 28294142 मा सम्पर्क गर्नुहोस् ।

**अध्यागमन विभाग**

**जुलाई 2019**